# काठमाडौं जिल्ला अदालत

बबरमहल, काठमाडौं

सिलबन्दी बोलपत्र आह्वानको संशोधित सूचना

प्रथम पटक प्रकाशित मितिः २०७६/०४/२८

प्रथम पटक संशोधित सूचना प्रकाशित मितिः २०७६/०५/२३

यस अदालतबाट मितिः २०७६/०४/२८ मा प्रकासित सिलबन्दी बोलपत्र आह्वानको सूचनामा इच्छुक इजाजत प्राप्त फर्महरुले रु. ३,०००/- (पछि फिर्ता नहुने) नगद बोलपत्र दस्तुर वापतको रकम बुझाई यो सूचना प्रकासित भएको मितिले ३० दिन भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस अदालतको प्रशासन शाखामा दाखिला गरी सक्नु पर्नेछ भन्ने उल्लेख हुनुपर्नेमा इच्छुक इजाजत प्राप्त फर्महरुले रु. १,०००/- (पछि फिर्ता नहुने) नगद बोलपत्र दस्तुर वापतको रकम बुझाई यो सूचना प्रकासित भएको मितिले ३० दिन भित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजे भित्र यस अदालतको प्रशासन शाखामा दाखिला गरी सक्नु पर्नेछ भन्ने उल्लेख भएको हुँदा मितिः २०७६/०४/२८ को सिलबन्दी बोलपत्र आह्वानको सूचनामा संशोधन गरिएको छ।

संशोधित सूचना अगावै कसैले बोलपत्र सम्बन्धी कागजात खरिद गरेको भए नगद बोलपत्र दस्तुर वापतको फरक रकम रु. २,०००/- बुझाउनु हुनेछ। बोलपत्र फाराम वापतको फरक दस्तुर नबुझाई पेश गरेमा त्यस्तो बोलपत्रलाई मान्यता दिइने छैन। साथै यस संशोधित सूचनाको कारणबाट बोलपत्र खरिद गर्ने र पेश गर्ने मितिमा कुनै संशोधन नभएको व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ।

नोटः यस सम्बन्धी सूचना र यस सूचनामा कुनै संशोधन गरिएमा सोको जानकारी समेत वेवसाईट WWW.supremecourt.gov.np मा राखिने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।